सुचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५को उपदफा ३ बमोजिम सार्वजनिक गरिएको विवरण ।

# सूचना सार्वजनिक गर्ने निकाय : नेपाल धितोपत्र बोर्ड
# सूचना सार्वजनिक गरेको अवधि : तेस्रो त्रैमास, आ.व.२०८१।०८२

## १.नेपाल धितोपत्र बोर्डको स्वरुप र प्रकृति :

धितोपत्र कारोवार ऐन, २०४० अनुसार सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न, देशको आर्थिक विकासमा योगदान पुऱ्याउन, लगानीकर्ताको हकहित संरक्षण गर्न, उद्योगधन्दाको स्वामित्वमा जनसहभागिता बढाउन, संस्थागत सुशासन कायम गर्न र धितोपत्र कारोवारलाई व्यवस्थित र नियमित गर्न नेपाल सरकारबाट यसको नियामक निकायको रुपमा वि.सं.२०५० साल जेष्ठ २५ गते नेपाल धितोपत्र बोर्डको स्थापना गरिएको हो । धितोपत्र बोर्डलाई अंग्रेजीमा Securities Board of Nepal (SEBON) भनिन्छ ।

वि.सं. २०६३ सालमा धितोपत्र कारोवार ऐन, २०४० खारेज गरी देशको आर्थिक विकासका लागि पुंजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, विक्री, वितरण तथा विनिमयलाई व्यवस्थित वनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्नको लागि वृहत उद्देश्यसहित धितोपत्र सम्वन्धी ऐन, २०६३ जारी गरियो । तत्पश्चात धितोपत्र सम्वन्धी ऐन,२०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वशासित र संगठित संस्थाको रुपमा समग्र पुँजीबजारको नियमन र सुपरिवेक्षण गर्दै आएको छ । साथै, २०७४ भाद्र ११ देखि वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ लागू भए पश्चात वस्तु विनिमय बजारको नियमन गर्ने जिम्मेवारी समेत बोर्डमा आएको छ ।

❖ **दीर्घकालीन सोच :**
स्वच्छ, प्रतिस्पर्धी र फराकिलो धितोपत्र तथा वस्तु विनिमय बजार मार्फत राष्ट्रिय पूँजी निर्माण गर्ने ।

❖ **लक्ष्य(Goal) :**
सबल, गतिशील र विश्वसनीय धितोपत्र तथा वस्तु विनिमय बजारको विकास मार्फत लगानी आकर्षित गर्ने ।

❖ **उद्देश्य(Objectives) :**

- धितोपत्र बजार तथा वस्तु विनिमय बजारलाई स्वच्छ, पहुँचयोग्य र विश्वसनीय बनाउने ।
- लगानीकर्ताको हित संरक्षण गर्ने ।
- बजार नियमन तथा सुपरिवेक्षण गर्ने ।
- बजारको प्रणालीगत जोखिमलाई न्यूनीकरण गर्ने ।
- पुंजी बजारमा संलग्न संस्था तथा निकायहरूको व्यवसायिकता तथा संस्थागत सुशासन अभिवृद्धि गर्ने ।

❖ मूल मान्यता (Core Values) :

पुँजी बजारलाई स्वच्छ, पारदर्शी, जवाफदेही, विश्वसनीय, गतिशील एवम् प्रतिस्पर्धी बनाउने ।

❖ .रणनीति (Strategy) :

- धितोपत्र तथा वस्तु विनिमय बजारलाई स्वच्छ, प्रतिस्पर्धा र विश्वसनीय बनाउनुका साथै यसको क्षेत्र तथा दायरा अभिवृद्धि गर्ने ।
- कानूनी, संस्थागत र संरचनागत सुधार गरी धितोपत्र तथा वस्तु विनिमय बजार संचालन तथा नियमन प्रणालीलाई अर्न्तराष्ट्रियस्तरको बनाउने ।
- धितोपत्र बजारमा साना र स्वेदशी तथा विदेशी लगानीकर्ताको आर्कषण बढाउने ।
- बोर्डको संस्थागत क्षमता अभिवृद्धि गर्ने


❖ **बोर्डको संचालक समिति :**

धितोपत्र सम्वन्धी ऐन, २०६३ वमोजिम बोर्डमा देहायबमोजिमको ७ सदस्यीय संचालक समिति रहने व्यवस्था छ :

| | | |
|---|---|---|
| धितोपत्र बजार व्यवस्थापन, पुँजी बजार विकास, आर्थिक, वित्तीय, वाणिज्य, व्यवस्थापन वा कानुन विषयमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तिमा सात वर्ष काम गरेका लब्ध प्रतिष्ठित व्यक्तिहरुमध्येवाट नेपाल सरकार(मन्त्रिपरिषद)बाट नियुक्त व्यक्ति | अध्यक्ष | श्री सन्तोष नारायण श्रेष्ठ |
| सह-सचिव, अर्थ मन्त्रालय | सदस्य | श्री महेश बराल |
| सह-सचिव, कानुन,न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय | सदस्य | श्री बिनोद कुमार भट्टराई |
| कार्यकारी निर्देशक (प्रतिनिधि), नेपाल राष्ट्र बैक | सदस्य | श्री रेवती प्रसाद नेपाल |
| उपाध्यक्ष (प्रतिनिधि), नेपाल चाटर्ड एकाउण्टेण्ट्स संस्था | सदस्य | सि.ए. नील बहादुर सारु मगर |
| उपाध्यक्ष (प्रतिनिधि), नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य | श्री गोकर्ण राज अवस्थी |
| पुँजीबजार विज्ञहरुमध्ये नेपाल सरकार(अर्थ मन्त्रालय)बाट मनोनित | विज्ञ सदस्य | श्री भोला नाथ ढुंगाना |

## ❖ बोर्डको संगठनात्मक स्वरुप :

नेपाल धितोपत्र बोर्डको संगठन स्वरुप देहाय बमोजिम रहेको छ ।




## २. बोर्डको काम कर्तव्य र अधिकार :

धितोपत्र सम्वन्धी ऐन,२०६३ बमोजिम बोर्डको देहाय बमोजिमका काम, कर्तव्य र अधिकारहरु रहेका छन्:

- धितोपत्र बजार संचालन अनुमति दिने, धितोपत्र बजारको काम कारवाहीको नियमन तथा अनुगमन गर्ने र नियमानुसार कार्य गरेको नपाइएमा धितोपत्र बजारको अनुमतिपत्र निलम्वन वा खारेज गर्ने ।

- धितोपत्र व्यवसाय संचालन गर्न अनुमतिपत्र दिने तथा धितोपत्र व्यवसायीको काम कारवाहीको नियमन तथा अनुगमन गर्ने र नियमानुसार कार्य गरेको नपाइएमा धितोपत्र व्यवसायीको अनुमतिपत्र निलम्वन वा खारेज गर्ने ।
- धितोपत्र व्यवसायीको कार्य तथा क्षमता अनुरुप वर्गीकरण गर्ने र स्तर कायम गर्ने ।
- धितोपत्र सार्वजनिक रुपमा निष्काशन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने ।
- दर्ता भएको धितोपत्रको निष्काशन, हस्तान्तरण, बिक्री र विनिमयलाई नियमित तथा व्यवस्थित गर्ने ।
- पुँजी बजारको विकाससँग सम्वन्धित विषयका सम्वन्धमा नेपाल सरकारलाई आवश्यकतानुसार परामर्श दिने ।
- सामूहिक लगानी योजना तथा लगानी कोष कार्यक्रम संचालन गर्न स्वीकृति दिने तथा सोको नियमन र अनुगमन गर्ने ।
- धितोपत्र बजार तथा धितोपत्र कारोबारमा संलग्न धितोपत्र व्यवसायसँग सम्वन्धित संस्थाहरुको विनियम स्वीकृत गर्ने ।
- पुँजी बजारको बिकास तथा धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न धितोपत्र बजार तथा कारोवारमा संलग्न धितोपत्र व्यवसायसँग सम्वन्धित संस्थाहरुको विनियममा आवश्यकता अनुरुप संशोधन गर्न आदेश दिने ।
- धितोपत्र कारोबार सम्वन्धी हिसाव राफसाफ गर्ने कामलाई नियमित तथा व्यवस्थित गर्ने ।
- धितोपत्र बजारको सम्वर्द्धन, प्रवर्द्धन र स्वच्छ संचालनका लागि धितोपत्रको परिमाण र कारोबारको तरिकालाई नियमित गर्न आवश्यक व्यवस्था गर्ने गराउने ।
- धितोपत्र लगानीकर्ताको हितको संरक्षण गर्नका लागि धितोपत्रको भित्री कारोवार वा धितोपत्र कारोबार सम्वन्धी अन्य कसुर हुन नदिन आवश्यक व्यवस्था गर्ने ।
- धितोपत्र निष्काशन गर्ने संगठित संस्था तथा धितोपत्र व्यवसायीले पेश गरेको आर्थिक विवरण पुनरावलोकन गर्ने, गराउने र तत्सम्वन्धमा आवश्यक देखेको निर्देशन सम्वन्धित संगठित संस्थालाई दिने ।
- धितोपत्र वा कम्पनी सम्वन्धी मामिलाका सम्वन्धमा सुपरिवेक्षण तथा नियमन गर्न सम्वन्धित निकायहरुसँग समन्वय गरी सहयोग लिने दिने ।
- धितोपत्र तथा पुँजी बजार विकासका सम्वन्धमा आवश्यक अन्य कामहरु गर्ने गराउने ।
- धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम बोर्डले पुँजीबजारको नियमन तथा अनुगमन गर्ने पूर्ण अधिकार प्राप्त गरेको र उक्त ऐनको दफा १०१ को व्यवस्था अनुसार ऐनको बर्खिलाप हुने कार्य गरेमा उक्त कार्य गर्ने व्यक्ति, धितोपत्र व्यवसायी तथा अन्य संस्थाहरुलाई कसूर अनुसार पचास हजारदेखि तीन लाखसम्म जरिवाना तथा दुई वर्षसम्म कैद वा कारोबार, पेशा वा व्यवसाय गर्न आंशिक वा पूर्ण रूपमा रोक लगाउने र अनुमतिपत्र, इजाजतपत्र वा दर्ता निलम्बन गर्ने वा खारेज गर्ने व्यवस्था समेत रहेको छ ।

**धितोपत्र सम्वन्धी ऐन, २०६३ बमोजिम बोर्डका देहाय बमोजिमका विशेष अधिकारहरु रहेका छन्**

- धितोपत्र सार्वजनिक निष्काशन गरेका संगठित संस्थाले प्रचलित कानुन बमोजिम बोलाउनु पर्ने साधारण सभा निर्धारित समयभित्र नबोलाएमा साधारण सभा बोलाउन तथा निर्धारित समयभित्र धितोपत्र बाँडफाँट नगरेमा त्यस्तो धितोपत्रको लागि जम्मा भएको रकम फिर्ता गर्न आदेश दिने,
- धितोपत्र बजारसँग परामर्श गरी बढीमा पाँच दिनसम्मका लागि धितोपत्र बजार बन्द गर्न आदेश दिने तथा धितोपत्र सूचीकरण गराउन वा धितोपत्रको कारोबार रोक्न सम्बन्धित संगठित संस्थालाई निर्देशन दिने,
- धितोपत्र बजारको सञ्चालक समिति पुनर्संरचना गर्न धितोपत्र बजारलाई निर्देशन दिने,
- धितोपत्र बजारले आफ्नो सदस्यलाई कुनै कारबाही गरेको जानकारी उक्त ऐनको दफा ५२ बमोजिम प्राप्त गरेमा त्यस्तो सदस्यलाई उपयुक्त कारबाही गर्ने वा त्यस्तो सदस्यको अनुमतिपत्र खारेज गर्ने,
- धितोपत्र दर्ता गराएका संगठित संस्थालाई सो संस्थाको व्यवस्थापन, आर्थिक प्रबन्ध तथा अन्य सम्बन्धित व्यवस्थामा सुधार गर्न निर्देशन दिने,
- धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा धितोपत्र दर्ता गराउने संगठित संस्थाका कुनै सञ्चालक वा कर्मचारीले धितोपत्र सम्बन्धी काम कारबाही गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम र सो अन्तर्गत बोर्डले दिएको आदेश वा निर्देशन उल्लंघन गरेमा त्यस्ता सञ्चालक वा कर्मचारीलाई आवश्यक कारबाही चलाउन सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी वा धितोपत्र दर्ता गराउने संगठित संस्थालाई आदेश दिने लगायतका अन्य अधिकारहरु समेत बोर्डमा रहेका छन् ।

**वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिम बोर्डका देहाय अनुसारका काम, कर्तव्य र अधिकारहरु रहेका छन् :**

- वस्तु विनिमय बजार तथा वस्तु कारोबारको विकाससँग सम्बन्धित विषयमा नेपाल सरकारलाई सुझाव दिने ।
- वस्तु विनिमय बजारको विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तथा नीति स्वीकृत गर्ने ।
- वस्तु विनिमय बजार सञ्चालन सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने ।
- वस्तु विनिमय बजारमा कारोबार गर्न सकिने वस्तु तथा वस्तु करारको दर्ता गर्ने ।
- कुनै वस्तु सूचीकरण गराउन वा सूचीकरणबाट हटाउन वा कुनै कारोबार रोक्का गर्न सम्बन्धित वस्तु विनिमय बजारलाई निर्देशन दिने ।

- वस्तु विनिमय बजारको विद्युतीय कारोबार प्रणालीमा कुनै समस्या देखिएमा वा सुधार गर्नुपर्ने देखिएमा त्यस्तो सुधार नगरेसम्मका लागि कारोबार स्थगन गर्न आदेश दिने ।
- बोर्डमा दर्ता भएको वस्तु तथा वस्तु करारको खरिद, बिक्री, हस्तान्तरणलाई नियमित तथा व्यवस्थित गर्ने
- अनुमतिपत्र प्राप्त संस्था तथा कारोबारमा संलग्न पक्षको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने तथा अनुमतिपत्र प्राप्त संस्थाको विनियम स्वीकृत गर्ने ।
- लगानीकर्ताको हित संरक्षण गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई विनियममा आवश्यक व्यवस्था गर्न निर्देशन दिने ।
- वस्तु वा वस्तु करार सम्बन्धी विषयमा सुपरिवेक्षण तथा नियमन गर्न अन्य नियमनकारी निकायसँग समन्वय गर्ने तथा तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## ३.बोर्डमा कार्यरत रहेका कर्मचारी संख्या र कार्य विवरणः

| **कार्यरत पद** | **संख्या** | **कार्य बिबरण** |
|---|---|---|
| अध्यक्ष | १ | संस्था प्रमुख |
| कार्यकारी निर्देशक | ३ | विभागीय प्रमुख |
| का.मु कार्यकारी निर्देशक | १ | विभागीय प्रमुख |
| उप-कार्यकारी निर्देशक | ७ | महाशाखा प्रमुख |
| निर्देशक | २० | शाखा प्रमुख |
| का.मु.निर्देशक | २ | शाखा प्रमुख |
| सहायक निर्देशक | ३१ | कार्यालयको कार्य |
| का.मु.सहायक निर्देशक | २ | कार्यालयको कार्य |
| बरिष्ठ सहायक | ७ | कार्यालयको कार्य |
| सहायक | १ | कार्यालयको कार्य |
| सवारी चालक | १ | सवारी चालक |
| सहयोगी | ५ | कार्यालय सहयोगी |
| सवारी चालक (करार) | ४ | सवारी चालक |
| सहयोगी (करार) | ४ | कार्यालय सहयोगी |
| **जम्मा** | ८९ | |

## ४. बोर्डबाट प्रदान गरिने सेवाहरु :

**१) धितोपत्र नियमन महाशाखा**

**क)** शेयर दर्ता तथा निष्काशन शाखा

| क्र.सं. | सेवाको विवरण | पेश गर्नुपर्ने कागजात | सम्पर्क अधिकारी | लाग्ने समय | शुल्क/दस्तुर | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १ | धितोपत्र दर्ता | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३ बमोजिमको कागजातहरु | निर्देशक, शेयर दर्ता तथा निष्काशन शाखा | दर्ता दस्तुर बुझाएको ७ कार्य दिन / प्राप्त विवरण तथा कागजातको जाँचबुझ गर्दा धितोपत्र दर्ता गर्न मनासिब नदेखिएमा बोर्डले त्यस्तो धितोपत्र दर्ता गर्ने छैन । | निवेदन दस्तुर: रु.२०,०००।-<br>दर्ता दस्तुर (धितोपत्र निष्काशन मूल्यको):<br>१) शेयर: ०.२ प्रतिशत | उप कार्यकारी निर्देशक, धितोपत्र नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |
| २ | विवरणपत्र/ हकप्रद शेयर निष्काशन सम्बन्धी विवरण/ परिपत्र विधिको विवरण/बिक्री प्रस्ताव/विवरण पुस्तिकाको जाँचबुझ तथा सुधार एवं संशोधन गर्न रायप्रतिक्रिया दिने | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिमका आवश्यक कागजातहरु | | | प्रशोधन शुल्क रु.२५,०००।- | | |
| ३ | विवरणपत्र/ हकप्रद शेयर निष्काशन सम्बन्धी विवरण/ परिपत्र विधिको विवरण/बिक्री प्रस्ताव/विवरण पुस्तिका प्रकाशन गर्न स्वीकृत प्रदान गर्ने | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४, बमोजिमका आवश्यक कागजातहरु | | सम्पूर्ण कागजात पेश भई राय प्रतिक्रिया बमोजिम संशोधन गरिएको विवरणपत्र पेश गरी धितोपत्र दर्ता दस्तुर बुभाएको ७ कार्य दिन | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख) ऋणपत्र, लगानीकोष तथा अन्य धितोपत्र दर्ता निष्काशन शाखा | | | | | | | |
| १ | ऋणपत्र तथा वण्डको दर्ता तथा निष्काशन | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २९ | निर्देशक, ऋणपत्र, लगानीकोष तथा अन्य धितोपत्र दर्ता निष्काशन शाखा | दर्ता : दर्ता दस्तुर बुझाएको ७ कार्य दिन<br>विवरणपत्र प्रकाशनको स्वीकृति : सम्पूर्ण कागजात पेश भई राय प्रतिक्रिया बमोजिम संशोधन गरिएको विवरणपत्र पेश भएको ७ कार्य दिन | १) डिवेन्चर तथा बन्ड:<br>(क) १० अर्वसम्म ०.१५ प्रतिशत<br>(ख) १० अर्व देखि माथि २० अर्वसम्म ०.१२ प्रतिशत<br>(ग) २० अर्व देखि माथि ०.१० प्रतिशत | उप कार्यकारी निर्देशक, धितोपत्र नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |
| २ | अन्तर्राष्ट्रिय वित्तीय संस्थाको ऋणपत्र तथा अन्य धितोपत्र दर्ता तथा निष्काशन | | | | अन्तर्राष्ट्रिय वित्तीय संस्थाको ऋणपत्र तथा अन्य धितोपत्र दर्ता तथा निष्काशन<br>१) धितोपत्र निष्काशन मूल्यको ०.१० प्रतिशत | | |
| ३ | सामुहिक लगानी योजनाको दर्ता तथा निष्काशन | सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ बमोजिमका आवश्यक कागजातहरु | | | सामुहिक लगानी योजना अन्तर्गतको:<br>१) योजना दर्ता तथा निष्काशन शुल्क<br>क) एक अर्व रुपैयाँसम्म ०.१० प्रतिशत वा न्यूनतम पाँच लाख रुपैयाँ<br>ख) एक अर्व देखि २ अर्व रुपैयाँ सम्म ०.०७५ प्रतिशत वा न्यूनतम दश लाख रुपैयाँ<br>ग) दुई अर्व रुपैयाँ देखि माथि ०.०५ प्रतिशत वा न्यूनतम पन्ध्र लाख रुपैयाँ | | |
| ४ | विशिष्टीकृत लगानी कोष दर्ता तथा निष्काशन | विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ बमोजिमका आवश्यक कागजातहरु | | | १) निवेदन शुल्क रु.५० हजार रुपैयाँ<br>२) कोष दर्ता शुल्क<br>क) १ करोड रुपैयाँ देखि ५० करोड रुपैयाँसम्म ५ लाख रुपैयाँ<br>ख) ५० करोड रुपैयाँ देखि १ अर्व रुपैयाँसम्म ७ लाख रुपैयाँ<br>ग) १ अर्व रुपैयाँ देखि माथि जतिसुकै भएपनि १० लाख रुपैयाँ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **ग) धितोपत्र बजार, सिडिएस तथा धितोपत्र व्यवसायी नियमन शाखा** | | | | | | | |
| १ | धितोपत्र दलाल तथा धितोपत्र व्यापारीलाई धितोपत्र व्यवसाय गर्नको लागि अनुमति पत्र प्रदान गर्ने | धितोपत्र व्यवसायी<br>(धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३ बमाजिमको बिवरण तथा कागजात । | निर्देशक, धितोपत्र व्यवसायी नियमन शाखा | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | **धितोपत्र दलाल:**<br>निवेदन दस्तुर -<br>(क) सीमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. ५०,०००।-<br>(क) पूर्ण कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. १,००,०००।-<br>अनुमति दस्तुर -<br>(क) सीमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. २५,००,०००।-<br>(क) पूर्ण कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. ५०,००,०००।-<br>**धितोपत्र व्यापारी :**<br>निवेदन दस्तुरः रु.२,००,०००।-,<br>अनुमति दस्तुरः रु. १,००,००,०००।- | उप कार्यकारी निर्देशक, धितोपत्र नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |
| २ | शेयर बिक्री वा हस्तान्तरण गर्दा अभिलेख गर्ने | धितोपत्र व्यवसायी<br>(धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम १२ को उपनियम (५) बमाजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | शेयरको बिक्री मूल्यको शून्य दशमलव पच्चीस प्रतिशत | | |
| ३ | आधिकारिक प्रतिनिधिको दर्ता | धितोपत्र व्यवसायी<br>(धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम २३ बमोजिम | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | दस्तुर नलाग्ने | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | योग्यता पुगेको तथा सोही नियमावलीको नियम २१ को उपनियम (३) बमोजिमको निवेदन, बिवरण तथा कागजात । | | | | | |
| ४ | धितोपत्र दलाल तथा धितोपत्र व्यापारी तथा बजार निर्माताको अनुमति नबिकरण गर्ने । | धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को अनुसूचि ८ बमोजिमको ढाँचामा निवेदन तथा सक्कल प्रमाण पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | धितोपत्र दलाल :-<br>वार्षिक शुल्क -<br>(क) सीमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. १,५०,०००।-<br>(क) पूर्ण कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. ३,००,०००।-<br>धितोपत्र व्यापारी :- रु.५,००,००० ।-<br>प्रतिलिपी शुल्क: रु.२५,०००। | | |
| ५ | धितोपत्र व्यवसाय ( मर्चेन्ट बैंकर) गर्नको लागी अनुमति पत्र प्रदान गर्ने । | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम ३ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निष्काशन तथा बिक्री प्रबन्धक:<br>निवेदन दस्तुर रु. २५,०००।-,<br>अनुमति दस्तुर रु. ३००,०००।-<br>शेयर रजिष्ट्रेशन:<br>निवेदन दस्तुर रु. २५,०००।- अनुमति पत्र दस्तुर रु. २००,०००।-<br>धितोपत्र प्रत्याभूति:<br>निवेदन दस्तुर रु. २५,०००।- अनुमतिपत्र दस्तुर रु. ३००,०००।-<br>लगानी व्यवस्थापन:<br>निवेदन दस्तुर रु. २५,०००।-, अनुमतिपत्र दस्तुर रु. २००,०००।-<br>लगानी परामर्श:<br>निवेदन दस्तुर रु. २५,०००।-, अनुमतिपत्र दस्तुर रु. ३००,०००।- | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | शेयर विक्रि वा हस्तान्तरण गर्दा अभिलेख गर्ने | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम १० को उपनियम (७) बमोजिम विवरण तथा कागजात | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | शेयरको बिकी मूल्यको शून्य दशमलव तीन प्रतिशत | |
| ७ | धितोपत्र व्यवसाय ( मर्चेन्ट बैंकर) को अनुमति पत्र नविकरण गर्ने । | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम ७ बमोजिम निवेदन तथा सक्कल अनुमतिपत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि ३० दिन भित्र । | निष्काशन तथा बिक्री प्रबन्ध रु. १५०,०००।-,<br>शेयर रजिष्ट्रेशन रु. १००,०००।-,<br>धितोपत्र प्रत्याभूति रु. १५०,०००।-,<br>लगानी व्यवस्थापन रु. १००,०००।-<br>लगानी परामर्श: रु. १५०,०००।- | |
| ८ | अनुमतिपत्रको प्रतिलिपि प्रदान गर्ने | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम ७क बमोजिम विवरण तथा कागजात | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ७ दिन भित्र । | प्रतिलिपि शुल्क रु.१०,०००।- | |
| ९ | धितोपत्र बजार संचालन गर्न सिफारिस प्रदान गर्ने | धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम ३ को उपनियम (२) बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निवेदन दस्तुर रु.१,००,०००।- | |
| १० | धितोपत्र बजार संचालन गर्न अनुमतिपत्र प्रदान गर्ने । | धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम ४ को उपनियम (२) बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | रु. १,५०,००,०००।- | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | धितोपत्र बजार संचालन अनुमतिपत्र नबिकरण गर्ने । | धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम ८ बमोजिम निवेदन तथा सक्कल अनुमति पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | रु. १०,००,०००।- | | |
| १२ | सामुहिक लगानी कोष दर्ता गर्ने | सामुहिक लगानी कोष नियमावली, २०६७ नियम ३ बमोजिम योग्यता पूरा भएको तथा नियम ४ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निवेदन दस्तुर रु. ५०,०००।-<br>दर्ता दस्तुर रु. १०,००,०००।- | | |
| १३ | योजना व्यवस्थापक तथा डिपोजिटरीको अनुमतिपत्र प्रदान गर्ने | सामुहिक लगानी कोष नियमावली, २०६७ नियम १४ र १५ बमोजिम योग्यता पूरा भएको तथा नियम १३ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | अनुमतिपत्र दस्तुर<br>योजना व्यवस्थापक रु.५,००,०००।-<br>डिपोजिटरी रु.१००,०००।- | | |
| १४ | योजना व्यवस्थापक तथा डिपोजिटरीको अनुमतिपत्र नवीकरण गर्ने | सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम १७ बमेजिम निवेदन तथा सक्कल अनुमति पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | अनुमतिपत्र दस्तुर<br>योजना व्यवस्थापक रु.१,००,०००।-<br>डिपोजिटरी रु.२५,०००।- | | |
| १५ | कोष सुपरिवेक्षक नियुक्ति गर्न स्वीकृति प्रदान गर्ने | सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ७ बमोजिम योग्यता पूरा भई सोही नियमावलीको नियम ६ बमोजिमको विवरण तथा कागजात | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | दस्तुर नलाग्ने | | |
| १६ | धितोपत्रको केन्द्रिय | धितोपत्रको केन्द्रिय निक्षेप | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण | निवेदन दस्तुर रु. २५,०००।-<br>अनुमतिपत्र दस्तुर रु.५,००,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निक्षेप कम्पनीको अनुमतिपत्र प्रदान गर्ने | सेवा नियमावली, २०६७ को नियम ३ बमोजिमको विवरण तथा कागजात । | | कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | | | |
| १७ | धितोपत्रको केन्द्रिय निक्षेप कम्पनीको अनुमतिपत्र नवीकरण गर्ने | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम ८ बमोजिमको निवेदन तथा सक्कल अनुमति पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु.३,००,०००। - | | |
| १८ | केन्द्रीय निक्षेप कम्पनीको शेयर विक्री वा हस्तान्तरण गर्ने | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम १६ बमोजिमको विवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | शेयर विक्री मूल्यको ०.५ प्रतिशत | | |
| १९ | निक्षेप सदस्यको दर्ता प्रमाणपत्र प्रदान गर्ने । | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम २० बमोजिम योग्यता पूरा भई नियम २१ बमोजिमको विवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निवेदन दस्तुर रु. ५,०००।-<br>अनुमतिपत्र दस्तुर रु.५०,०००।- | | |
| २१ | निक्षेप सदस्यको दर्ता प्रमाणपत्र नवीकरण गर्ने । | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम २२ बमोजिमको निवेदन तथा सक्कल दर्ताप्रमाणपत्र पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु २५,०००।- | | |
| २२ | क्रेडिट रेटिङ्ग कम्पनी स्थापना गर्न सहमतिपत्र प्रदान गर्ने | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ४ बमोजिमको विवरण तथा कागजात ॥ | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | दस्तुर नलाग्ने | | |
| २३ | क्रेडिट रेटिङ्ग | क्रेडिट रेटिङ्ग नियमावली, | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण | निवेदन दस्तुर रु. १०,०००।-<br>अनुमतिपत्र दस्तुर रु. १,५०,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कम्पनीको अनुमतिपत्र प्रदान गर्ने । | २०६८ को नियम ६ बमोजिमको विवरण तथा कागजात | | कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | | | |
| २४ | क्रेडिट रेटिङ्ग कम्पनी को अनुमतिपत्र नवीकरण गर्ने । | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ११ बमोजिमको निवेदन तथा सक्कल अनुमितपत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु. १,००,०००।- | | |
| २५ | आस्वा सेवा अनुमति प्रदान गर्ने | धितोपत्र खरिद ( सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ३, ४ र ५ वमोजिम | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | निवेदन दस्तुर रु. ५,०००।-<br>अनुमतिपत्र दस्तुर रु. २५,०००।- | | |
| २६ | आस्वा सेवा अनुमति नवीकरण | धितोपत्र खरिद ( सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ६ वमोजिम | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु. २५,०००।- | | |
| २७ | विशिष्टिकृत लगानी कोषको संचालन तथा व्यवस्थापन गर्न कोष व्यवस्थापकको अनुमतिपत्र लिनुपर्ने | विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम २, ३ र ४ बमोजिम निवेदन | निर्देशक, धितोपत्र निष्काशन, सामूहिक लगानी कोष तथा विशिष्टिकृत लगानी कोष शाखा | ३५ दिन | १) कोष व्यवस्थापक दर्ता शुल्क रु.३ लाख<br>२) कोष व्यवस्थापकको बार्षिक शुल्क रु.१ लाख ५० हजार | उप कार्यकारी निर्देशक, नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |
| २८ | विशिष्टिकृत लगानी कोष बोर्डमा दर्ता गर्नुपर्ने | विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम १४ बमोजिम निवेदन | | | १) निवेदन शुल्क रु.५० हजार<br>२ कोष दर्ता शुल्कः<br>क) १ करोड रुपैयाँ देखि ५० करोड रुपैयाँसम्म ५ लाख रुपैयाँ<br>(ख) ५० करोड रुपैयाँ देखि १ अर्व | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | रुपैयाँसम्म ७ लाख रुपैयाँ<br>(ग) १ अर्ब रुपैयाँ देखि माथि जतिसुकै भएपनि १० लाख रुपैयाँ | | |
| २) वस्तु विनिमय नियमन महाशाखा | | | | | | | |
| १ | वस्तु विनिमय बजार सञ्चालन गर्न पूर्व स्वीकृति लिनुपर्ने | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम ३, ४ र ५ वमोजिमको कागजात तथा विवरण | निर्देशक, वस्तु बजार तथा व्यवसायी नियमन शाखा र वस्तु करार, विनिमय र राफसाफ तथा फस्छ्यौंट शाखा | ३० दिन | निवेदन दस्तुर: रु. २५,०००।-<br>पूर्व स्वीकृति शुल्क: रु. ५०,०००।- | उप कार्यकारी निर्देशक, वस्तु विनिमय नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |
| २ | वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र लिनुपर्ने | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम ६ र ७ वमोजिम कागजात तथा विवरण | | १२० दिन | निवेदन दस्तुर: रु. २५,०००।-<br>अनुमति दस्तुर: रु. २५,००,०००।- | | |
| ३ | वस्तु विनिमय बजार सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम ८ वमोजिम कागजात तथा विवरण | | ३० दिन | नवीकरण दस्तुर: रु. ७५०,०००।- | | |
| ४ | वस्तु कारोवार व्यवसायी अनुमतिपत्र लिनुपर्ने | बजार सम्बन्धी नियमावली, २०७४ को नियम ६ र ७ वमोजिम कागजात तथा विवरण | | ९० दिन | **राफसाफ तथा फस्यौंट**<br>निवेदन दस्तुर: रु. २०,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ४००,०००।-<br>**वेयर हाउस**<br>निवेदन दस्तुर: रु. २०,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ५००,०००।-<br>**बजार निर्माता**<br>निवेदन दस्तुर: रु. २०,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ४००,०००।-<br>**लगानी व्यवस्थापक**<br>निवेदन दस्तुर: रु. १५,०००।-<br>अनमतिपत्र दस्तुर: रु. ३००,०००।- | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **लगानी परामर्शदाता**<br>निवेदन दस्तुरः रु. १५,०००।-<br>अनमतिपत्र दस्तुरः रु. ३००,०००।-<br>**संरक्षक (कस्टोडियन)**<br>निवेदन दस्तुरः रु. १५,०००।-<br>अनमतिपत्र दस्तुरः रु. ३००,०००।-<br>**वस्तु कारोबार दलाल**<br>निवेदन दस्तुरः रु. १५,०००।-<br>अनमतिपत्र दस्तुरः रु. ३००,०००।-<br>**वस्तु कारोबार व्यापारी**<br>निवेदन दस्तुरः रु. १५,०००।-<br>अनमतिपत्र दस्तुरः रु. ३००,०००।- | | |
| ५ | वस्तु कारोवार व्यवसायी अनुमतिपत्र नवीकरण | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम ८ वमोजिम निवेदन | | | **नवीकरण दस्तुर**<br>राफसाफ तथा फर्स्यौटः रु. १२०,०००।-<br>वेयर हाउसः रु. १५०,०००।-<br>बजार निर्माताः रु. १२०,०००।-<br>लगानी व्यवस्थापकः रु. ९०,०००।-<br>लगानी परामर्शदाताः रु. ९०,०००।-<br>संरक्षक (कस्टोडियन): रु. ९०,०००।-<br>वस्तु कारोबार दलालः रु. ९०,०००।-<br>वस्तु कारोबार व्यापारीः रु. ९०,०००।- | | |
| ३) कानून महाशाखा | | | | | | | |
| क) गुनासो व्यवस्थापन शाखा | | | | | | | |
| १ | लगानीकर्ता तथा धितोपत्र बजारमा असर पर्ने कुनै पनि गुनासाहरु समाधान गर्ने । | सम्बन्धित विषयमा आफ्नो गुनासो र त्यस गुनासोलाई पुष्टि गर्ने अन्य कागजात (कागजात भएको खण्डमा) । | निर्देशक, कानून प्रवलीकरण शाखा | धितोपत्र सम्बन्धी कसूर सम्बन्धमा बोर्डमा उजुरी दर्ता पश्चात धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नियमावलीहरुको व्यवस्था अनुसार उक्त उजुरी उपर अनुसन्धान तथा तहकिकात कार्य अगाडी बढाउने र बोर्डको टोलफि तथा | दस्तुर नलाग्ने | उप कार्यकारी निर्देशक, कानून महाशाखा | कार्यकारी निर्देशक, व्यवस्थापन तथा कानुन विभाग |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | हटलाईन टेलिफोनबाट प्राप्त समस्या, गुनासो तथा जिज्ञासाको तत्समयमा सम्बन्धित महाशाखा, शाखासंग समन्वय गरी सम्बोधन गर्ने । | | | |
| ४) नीति, अनुसन्धान तथा सूचना प्रविधि महाशाखा | | | | | | | |
| क) नीति, अनुसन्धान तथा योजना शाखा | | | | | | | |
| १ | अध्ययन तथा प्रकाशन सम्बन्धी जानकारी | | निर्देशक, अनुसन्धान, संस्थागत नीति योजना तथा जोखिम व्यवस्थापन शाखा | सोही दिन | दस्तुर नलाग्ने | उप कार्यकारी निर्देशक, धितोपत्र तथा वस्तु बजार अनुसन्धान महाशाखा | कार्यकारी निर्देशक, वस्तु बजार तथा अनुसन्धान विभाग |
| ख) तालिम, प्रशिक्षण तथा प्रमाणिकरण शाखा शाखा | | | | | | | |
| १ | धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी शिक्षा तथा तालिमको जानकारी | | निर्देशक, प्रशिक्षण तथा वित्तीय साक्षरता शाखा | सोही दिन | दस्तुर नलाग्ने | उप कार्यकारी निर्देशक, धितोपत्र तथा वस्तु बजार अनुसन्धान महाशाखा | कार्यकारी निर्देशक, वस्तु बजार तथा अनुसन्धान विभाग |

## ५.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

नेपाल धितोपत्र बोर्डको काठमाडौं बाहिर कुनै पनि शाखा कार्यालय नरहेको ।

## ६. बोर्डको विभाग, महाशाखा र जिम्मेवार अधिकारी:

| सि नं. | जिम्मेवार अधिकारी | विभाग/महाशाखा /शाखा | टेलिफोन नं. |
|---|---|---|---|
| १ | **कार्यकारी निर्देशक**, डा. नवराज अधिकारी | नीति, अनुसन्धान तथा प्रशिक्षण विभाग | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४१८ |
| २ | **कार्यकारी निर्देशक**, श्री विनयदेव आचार्य | सुपरीवेक्षण विभाग र व्यवस्थापन तथा कानुन विभाग | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ३०७ |
| ३ | **कार्यकारी निर्देशक** , श्री मुक्तिनाथ श्रेष्ठ | नियमन विभाग | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २१५ |
| ४ | **का.मु उप कार्यकारी निर्देशक**, श्री रुपेश के. सी | सुपरीवेक्षण विभाग | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २०७ |
| ५ | **उप कार्यकारी निर्देशक**, श्री दीपा दाहाल | व्यवस्थापन महाशाखा र वस्तु विनिमय नियमन महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४०३ |
| ६ | **उप कार्यकारी निर्देशक**, श्री निरञ्जय घिमिरे | कानून महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४१५ |
| ७ | **उप कार्यकारी निर्देशक**, श्री अम्विका प्रसाद गिरी | धितोपत्र नियमन महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २१४ |
| ८ | **उप कार्यकारी निर्देशक**, श्री नारायण प्रसाद शर्मा | नीति अनुसन्धान तथा सूचना प्रविधि महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४०४ |
| ९ | **उप कार्यकारी निर्देशक**, श्री दिपेश ताम्राकार | व्यवस्थापन महाशाखा र धितोपत्र कारोबार तथा वस्तुबजार सुपरिवेक्षण महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ३०८ |
| १० | **उप कार्यकारी निर्देशक**, श्री तेज प्रसाद देवकोटा | तालिम, प्रशिक्षण तथा वित्तीय साक्षरता महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४०६ |
| ११ | **उप कार्यकारी निर्देशक** , श्री कृष्ण प्रसाद घिमिरे | धितोपत्र बजार तथा व्यवसायी सुपरिवेक्षण महाशाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २०६ |
| १२ | **निर्देशक**, श्री रीतम्भरा बस्नेत (गुनासो व्यवस्थापन) | गुनासो व्यवस्थापन शाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४०५ |
| १३ | **निर्देशक**, श्री श्यामु मण्डल | जनसम्पर्क तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | ०१-५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ३१४ |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

बोडको सेवा प्राप्त गर्न बुंदा नं.४ को तालिकामा उल्लेख भए बमोजिमको शुल्क तथा समय लाग्दछ।

## ८.निणर्य गर्ने प्रक्रिया र अधिकारी :

बोर्डमा गरिने निर्णयहरु धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिम हुने गर्दछन् । बिभिन्न शाखाहरुबाट उठान भएको बिषयमा तहगत रुपमा राय पेश हुदै केही बिषयमा बोर्ड अध्यक्षबाट निर्णय हुन्छ । केही बिषयहरु संचालक समितिमा पेश भई सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ ।

## ९.निणर्य उपर उजुरी सुन्ने अधिकारी :

कार्यकारी अध्यक्ष

## १०.सम्पादन गरेको कामको विवरण :

आ.व.२०८१।८२ को तेस्रो त्रैमासम्ममा बोर्डबाट सम्पन्न भएका प्रमुख कार्यहरु देहाय बमोजिम रहेको छ :

### धितोपत्र नियमन महाशाखा अन्तर्गत भएका कार्यहरु:

| क्र.सं | विवरण | संख्या |
|---|---|---|
| १ | धितोपत्र बजारको अनुमतिपत्र नविकरण | १ |
| २ | केन्द्रीय निक्षेप कम्पनीको अनुमतिपत्र नविकरण | १ |
| ३ | आश्वा सदस्यहरुको नविकरण | ४३ |
| ४ | निक्षेप सदस्यहरुको नविकरण | १०९ |
| ५ | मर्चेन्ट बैंकरको अनुमतिपत्र नविकरण | २९ |
| ६ | धितोपत्र दलाल व्यवसायीको अनुमतिपत्र नविकरण | ९० |
| ७ | स्टक डिलरको अनुमतिपत्र नविकरण | २ |
| ८ | क्रेडिट रेटिङ्ग कम्पनीको अनुमतिपत्र नविकरण | ३ |
| ९ | प्राइभेट इक्युटी र भेन्चर क्यापिटलको अनुमतिपत्र प्रदान गरिएको | १३ |
| १० | योग्य संस्थागत लगानीकर्ताको अनुमतिपत्र प्रदान गरिएको | १५० |
| ११ | प्राथमिक सार्वजनिक निष्काशनको विवरणपत्र स्वीकृती | ७ |
| १२ | थप सार्वजनिक निष्काशनको विवरणपत्र स्वीकृति | ४ |
| १३ | हकप्रद निष्काशनको विवरणपत्र स्वीकृति | ८ |
| १४ | ऋणपत्र निष्काशनको विवरणपत्र स्वीकृति | ४ |
| १५ | बोनस शेयर रजिष्ट्रेशन | ६७ |
| १६ | सामुहिक लगानी कोष योजना स्वीकृती (९ वटा सामुहिक लगानी कोषको थप नँया इकाई स्वीकृती प्रदान गरिएको) | १४ |
| १७ | विशिष्टीकृत लगानी कोष योजनाको स्वीकृति | ३ |

**प्राइभेट इक्यूटी तथा भेन्चर क्यापिटलको कोष व्यवस्थापकको अनुमतिपत्र प्रदान गरिएको :**

| सि.नं. | नाम | ठेगाना | अनुमतिपत्र प्राप्त मिति |
|---|---|---|---|
| १ | एनएमबि क्यापिटल लि. | नागपोखरी, काठमाडौं । | २०७९।०५।१९ |
| २ | लक्ष्मी क्यापिटल मार्केट लि. | नयाँबानेश्वर, काठमाडौं । | २०७९।०५।१९ |
| ३ | ग्लोबल इक्विटी फण्ड प्राइभेट लि. | बानेश्वर, काठमाडौं । | २०७९।०४।२४ |
| ४ | एन आई सी एशिया क्यापिटल लि. | बबरमहल, काठमाडौं । | २०७९।०५।१९ |
| ५ | एनआईबिएल एस क्यापिटल लि. | लाजिम्पाट, काठमाण्डौं । | २०७९।०५।१९ |
| ६ | प्रभु क्यापिटल लि. | कमलादी, काठमाण्डौं । | २०७९।०५।१९ |
| ७ | अवसर ईक्विटी लि. | कुपण्डोल, काठमाडौं । | २०७९।०५।०७ |
| ८ | नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. | नक्साल, काठमाडौं । | २०७९।०५।१९ |
| ९ | आध्यन्त फण्ड म्यानेजमेन्ट लि. | महाराजगंज, काठमाडौं । | २०७९।०६।०२ |
| १० | रिलायवल भेन्चर क्यापिटल लि. | ज्ञानेश्वर, काठमाडौं । | २०७९।०९।०१ |
| ११ | अल्फा प्लस भेन्चर्स लि. | नक्साल, काठमाडौं । | २०७९।०९।०१ |
| १२ | नेश्नल फण्ड म्यानेजमेन्ट लि. | नक्साल, काठमाडौं । | २०७९।१२।२२ |
| १३ | स्वेडा इक्वीटी फण्ड लि. | बालुवाटार, काठमाडौं । | २०८१।०५।०५ |

**मर्चेन्ट बैंकरको अनुमतिपत्र प्रदान:**

| सि.नं. | नाम | ठेगाना | अनुमतिपत्र प्राप्त मिति |
|---|---|---|---|
| १ | रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लि. | बालुवाटार, काठमाडौं | २०८०।०४।२४ |
| २ | ज्योति क्यापिटल लिमिटेड | कमलपोखरी, काठमाडौं | २०८०।०७।०२ |
| ३ | हिमालयन सेक्युरिटिज बैंकर लि. | नयाँबानेश्वर, काठमाडौं | २०८१।०५।२० |
| ४ | हिमालयन इन्भेष्टमेन्ट बैंकर लि. | नयाँबानेश्वर, काठमाडौं | २०८१।०७।०८ |

- नेपाल लाइफ क्यापिटल लि. (धितोपत्र प्रत्याभुति सेवा थप, मिति २०८१।०६।१३)
- गरिमा क्यापिटल लि. (धितोपत्र प्रत्याभुति सेवा थप, मिति २०८१।०६।१३)
- हिमालयन इन्भेष्टमेन्ट बैंकर लि.(निष्काशन तथा बिक्री प्रबन्धक र शेयर रजिष्ट्रेशन सेवा थप, मिति २०८१।१२।११)
- माछापुच्छ्रे क्यापिटल लि.(निष्काशन तथा बिक्री प्रबन्धक र शेयर रजिष्ट्रेशन सेवा थप, मिति २०८१।१२।११)

आ.व.२०८१।८२ को तेस्रो त्रैमाससम्ममा जम्मा अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकरको संख्या ३१ रहेको छ ।

## मयुचुअल फण्डको स्विकृतीः

| सि.नं. | नाम | कोष प्रबर्द्धक कम्पनीको नाम | ठेगाना | अनुमतिपत्र प्राप्त मिति |
|---|---|---|---|---|
| १ | नेपाल लाइफ म्युचुअल फण्ड | नेपाल इन्स्योरेन्स कम्पनी लि. | कमलादी, काठमाडौं । | २०८०।०५।०३ |
| २ | रिलायवल सामूहिक लगानी कोष | रिलायबल नेपाल लाइफ इन्स्सयोरेन्स लि. | ज्ञानेश्वर, काठमाडौं । | २०८१।०५।२० |
| ३ | ज्योति सामूहिक लगानी कोष | ज्योति विकास बैंक लि | कमलपोखरी काठमाडौं । | २०८१।१२।०४ |

**आ.व.२०८१।८२ को तेस्रो त्रैमाससम्ममा जम्मा म्युचुअल फण्डको स्विकृती संख्या २३ रहेको छ ।**

## म्युचुअल फण्ड योजना व्यवस्थापक र डिपोजिटरीको अनुमति सम्बन्धी विवरण

| क्र.सं. | योजना व्यवस्थापकको नाम | ठेगाना | दर्ता मिति | सामूहिक लगानी कोषको नाम | कोष प्रबर्द्धक कम्पनीको नाम |
|---|---|---|---|---|---|
| १ | माछापुच्छ्रे क्यापिटल लिमिटेड | बाग दरबार काठमाण्डौ | २०८१।०६।१६ | एमबिएल सामुहिक लगानी कोष | गरिमा विकास बैंक |
| २ | रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेड | बालुवाटार काठमाण्डौ | २०८१।०८।०२ | रिलायवल सामुहिक लगानी कोष | रिलायबल नेपाल लाइर्फ इन्स्योरेन्स लि. |

**आ.व.२०८१।८२ को तेस्रो त्रैमाससम्ममा जम्मा योजना व्यवस्थापक र डिपोजिटरीको संख्या १७ रहेको छ ।**

## निक्षेप सदस्यको अनुमतिपत्र प्रदान गरिएको :

| क्र.सं. | नाम | धितोपत्र व्यवसायको किसिम | अनुमतिपत्र प्राप्त मिति |
| --- | --- | --- | --- |
| १ | म्याग्नेट सेक्युरिटिज एण्ड इन्भेष्टमेण्ट कं प्रा.लि । | धितोपत्र दलाल | २०८१।०४।१५ |
| २ | एप्पल सेक्युरिटिज प्रा.लि । | धितोपत्र दलाल | २०८१।०४।२५ |
| ३ | सानिमा सेक्युरिटिज लि . | धितोपत्र दलाल | २०८१।०४।२९ |
| ४ | सनलाइफ क्यापिटल लि. | धितोपत्र दलाल | २०८१।०६।१५ |
| ५ | इन्भेष्टमेण्ट म्यानेजमेन्ट नेपाल प्रा.लि. | धितोपत्र दलाल | २०८१।०६।१६ |
| ६ | प्रज्ञान सेक्युरिटिज प्रा.लि | धितोपत्र दलाल | २०८१।०७।०४ |
| ७ | ट्रेडमो सेक्युरिटिज प्रा.लि | धितोपत्र दलाल | २०८१।०७।२६ |
| ८ | आर.वि.वि सेक्युरिटिज कम्पनी लि. | धितोपत्र दलाल | २०८१।०९।१६ |
| ९ | हिमालयन इन्भेष्टमेण्ट बैंकर लि। | मर्चेण्ट बैंक | २०८१।०८।१२ |
| १० | हिमालयन सेक्युरिटिज बैंकर लि । | मर्चेण्ट बैंक | २०८१।०९।१२ |

## धितोपत्र दलाल व्यवसायीलाई विभिन्न स्थानमा शाखा कार्यालय खोल्न स्वीकृति प्रदान :

| क्र.सं. | नाम | शाखा कार्यालय रहने स्थान | अनुमतिपत्र प्राप्त मिति |
| --- | --- | --- | --- |
| १ | क्यापिटल म्याक्स सेक्युरिटिज लि | न्यूरोड, पोखरा | २०८१।०९।०३ |
| २ | त्रिशक्ति सेक्युरिटिज पब्लिक लि । | हेटौडा, मकवानपुर | २०८१।०९।०३ |
| ३ | कालिका सेक्यूरिटिज प्रा.लि. | इटहरी, सुनसरी | २०८१।०९।२६ |
| ४ | शुभकामना सेक्यूरिटिज प्रा.लि. | विराटनगर, मोरङ्ग | २०८१।०९।२६ |
| ५ | एबिसि सेक्युरिटिज प्रा.लि | बिरगंज, पर्सा | २०८१।०९।२६ |
| ६ | त्रिशक्ति सेक्युरिटिज पब्लिक लि । | कुमारीपाटी, ललितपुर | २०८१।१०।२१ |

यस सँगै आ.व. २०८१।८२ को तेस्रो त्रैमाससम्ममा धितोपत्र दलाल व्यवसायीको शाखा कार्यालयको संख्या जम्मा १०८ रहेको छ ।

## आ.व. २०८१।८२ को तेस्रो त्रैमास सम्ममा भएको सार्वजनिक निष्काशनको विवरणपत्र स्वीकृती:

| क्र.सं. | निष्काशनको प्रकार | दर्ता संख्या | दर्ता भएको धितोपत्र(संस्थापक शेयर समेत) | | निश्काशन गरिने धितोपत्र | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | रकम रु. | संख्या | रकम रु. |
| १. | प्रारम्भिक सार्वजनिक निष्कशन (IPO) | ७ | ५,३४,५६,०९७ | ५,३४,५६,०९,७०० | १,७९,११,६९३ | १,७९,११,६९,३०० |
| २. | हकप्रद निष्काशन (Right Issue) | ८ | १०,३६,६१,५३८ | १०,३६,६१,५३,७९९.५० | १०,३६,६१,५३८ | १०,३६,६१,५३,७९९.५० |
| ३. | थप सार्वजनिक निष्काशन ( FPO) | ४ | १०,७३,४१८.९० | १०,७३,४१,८९० | १०,७३,४१८.९० | १०,७३,४१,८९० |
| ४. | ऋणपत्र निष्काशन (Debenture @ Rs. 1000) | ४ | १,०८,००,००० | १०,८०,००,००,००० | ४८,२०,००० | ४,८२,००,००,००० |
| ५. | सामुहिक लगानी कोष योजना (Mutual Fund Scheme @Rs. 10 Per Unit) | १४ | १,१६,००,००,००० | ११,६०,००,००,००० | १,१६,००,००,००० | ११,६०,००,००,००० |
| ६. | विशिष्टीकृत लगानी कोष योजना (SIF Scheme @Rs. 1000 Per Unit) | ३ | ३५,००,००० | ३,५०,००,००,००० | ३५,००,००० | ३,५०,००,००,००० |

## कानून महाशाखा अन्तर्गत भएका कार्यहरुः

| क्र.स. | कार्य गर्ने जिम्मेवार शाखा | कार्यान्वयन अवस्था/प्रगति समिक्षा |
|---|---|---|
| १ | **कानुन प्रबलीकरण शाखा** | ➢ साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्कासन तथा कारोबार नियमावली, २०८१ नेपाल सरकारको स्वीकृती भई लागु भएको ।<br>➢ धितोपत्र निष्काशन तथा बाँडफाँड (आठौं संशोधन) निर्देशिका, २०८१ बोर्डबाट स्वीकृत गरी लागू भएको ।<br>➢ धितोपत्र व्यवसायी गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०८१ बोर्डबाट स्वीकृत गरी लागू भएको ।<br>➢ धितोपत्र कारोबार सञ्चालन विनियमावली (चौंथो संशोधन), २०८१ स्वीकृति प्रदान गरिएको ।<br>➢ नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंबाट राय/प्रतिक्रिया तथा सहमतिको लागि प्राप्त पत्रका सम्बन्धमा यस तेस्रो त्रैमाससम्म जम्मा ७ वटा राय प्रतिक्रिया तथा सहमति प्रदान गरिएको । |
| २ | **गुनासो व्यवस्थापन शाखा** | ➢ आर्थिक बर्ष २०८१।०८२ को तेस्रो त्रैमासिक अवधि सम्ममा बोर्डमा लिखित रुपमा ४९ उजुरी/गुनासो दर्ता भएकोमा ३२ वटा उजुरी/गुनासोको कारवाही सम्पन्न गरी सम्बोधन गरिएको र १७ वटा उजुरी/गुनासो समाधानको प्रकृयामा रहेको छ ।<br>➢ साथै नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय हेलो सरकारको वेब पोर्टलमार्फत २३ वटा गुनासो प्राप्त भएकोमा २१ वटा गुनासो उपर कारवाही गरी समाधान भई फछ्यौट भइसकेको र दुई वटा गुनासोहरु असमबन्धित भएकाले फिर्ता गरिएको ।<br>➢ बोर्डको टोल फ्रि तथा हटलाइन टेलिफोन तथा इमेल मार्फत प्राप्त तथा जिज्ञासाको समाधान नियमितरुपमा नै गरिएको छ । |

| | | |
|---|---|---|
| ३ | कानुन तथा मुद्दा शाखा | ● **बोर्ड पक्ष विपक्षी भएका मुद्दामामिलाहरुमा भए गरेका कार्यहरु:**<br>**सर्वोच्च अदालत**<br>- यस अवधिमा नयाँ ४ वटा मुद्दामा लिखित जवाफ पेश गरिएको,<br>- साविकको ५ वटा मुद्दा फैसला भएको (फैसला भएका मुद्दा मध्ये ३ वटा रिट निवेदन खारेज भएको एउटा रिट जारी भएको र एउटा पुनरावेदन सदर हुने फैसला भएको)<br>- साविकको बोर्ड पक्ष / विपक्ष भएको साविक ९ तथा नयाँ ४ गरी जम्मा १३ वटा मुद्दा विचाराधिन अवस्थामा रहेको ।<br>- विचाराधिन रहेका मुद्दा मामिलाहरुमा पेशी तथा तारेखमा अदालतमा उपस्थित भै वहस पैरवीलगायत अन्य आवश्यक कार्य भैरहेको तथा अदालतको आदेशानुसार तथा अन्य कार्य भैरहेको ।<br>- बोर्डलाई विपक्षी बनाईएको २ वटा मुद्दा मध्ये प्रथम चरणमै १ वटा पुनरावेदन मुद्दामा निस्सा जारी नभएको तथा १ वटा रिट निवदेन मुद्दा खारेज भएको ।<br><br>**उच्च अदालत पाटन**<br>- यस अवधिमा बोर्ड विपक्षी भएका नयाँ ४ वटा मुद्दामा लिखित जवाफ पेश गरिएको,<br>- ५ वटा फैसला भएको (फैसला भएका मुद्दा मध्ये ३ वटा रिट निवेदन खारेज भएको २ वटा मुद्दामा रिट जारी भएको)<br>- हाल २ वटा मुद्दा विचाराधिन अवस्थामा रहेको ।<br>- विचाराधिन रहेका मुद्दा मामिलाहरुमा पेशी तथा तारेखमा अदालतमा उपस्थित भै वहस पैरवीलगायत अन्य आवश्यक कार्य भैरहेको तथा अदालतको आदेशानुसार तथा अन्य कार्य भैरहेको ।<br>- बोर्डलाई विपक्षी बनाईएको १ वटा रिट निवेदन मुद्दा प्रथम चरणमै खारेज भएको ।<br><br>**काठमाण्डौ जिल्ला अदालत**<br>धितोपत्र सम्बन्धी कसुर सम्बन्धमा नेपाल सरकार वादी भएको काठमाण्डौ जिल्ला अदालतमा २ वटा मुद्दा विचाराधिन अवस्थामा रहेकोमा १ वटा मुद्दामा जिल्ला सरकारी वकिलको कार्यालयबाट वहस पैरवीलगायत अन्य आवश्यक कार्य हुने गरेको । |

## धितोपत्र बजार तथा व्यवसायी सुपरिवेक्षण महाशाखा अन्तर्गत भएका कार्यहरुः

### धितोपत्र बजार, सिडिएस तथा डिपि सुपरिवेक्षण शाखा

क. धितोपत्र बजारः

१. धितोपत्र बजारको नियमित रूपमा गैरस्थलगत सुपरिवेक्षण भैरहेको।जस अन्तर्गत, नेप्सेको वेबसाइट, नेप्सेले बोर्डमा पेश गरेका विभिन्न विवरण तथा प्रतिवेदनहरूको नियमित रूपमा अध्ययन गर्ने तथा नियम पालनाको अवस्थाहरूको सुपरिवेक्षण गरिएको।

२. आ. व. 2080/081 को वित्तीय विवरण बोर्डमा पेश गरेको नदेखिएकोले मिति 2081/08/17 मा नेप्सेलाई पत्राचार गरिएकोमा आ. व. 2080/081 को वित्तीय विवरण वाह्य लेखा परीक्षकबाट लेखापरिक्षण गर्ने कार्य अन्तिम चरणमा रहेकाले उक्त विवरण समयमै पेश नभएको जानकारी नेप्सेबाट प्राप्त भएको ।नेप्सेले मिति 2081/10/10 को अन्तिम लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण बोर्डमा पेश गरिएको ।

३. नेपाल स्टक एक्सचेन्ज लाई मिति 2081/11/11 मा ओ. टि. सि. कारोबार ,धितोपत्र कारोबार दस्तुर तथा नियमन शुल्क सम्बन्धि विस्तृत विवरण माग गरिएको ।

केन्द्रीय निक्षेप कमनी तथा निक्षेप सदस्यः

१. म्ए एच्रयाषभ अद्यावधिक भएको।

२. निक्षेप सदस्यले बोर्डमा बुझाउने शुल्कसम्बन्धमा नियमित अवलोकन गरिएको।यस क्रममा कैफियत देखिएमा सम्बन्धित निक्षेप सदस्यलाई पत्रमार्फत्, टेलिफोनमार्फत् सुधारका लागि निर्देशन दिने गरिएको।

३. विभिन्न नियामक निकाय, नेपाल प्रहरी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, अदालतहरू लगायत अन्य कानून कार्यान्वयन गर्ने निकायहरूबाट शेयर विवरण, कारोबार विवरण, शेयर रोक्का तथा फूकुवाका लागि यस बोर्डमा प्राप्त पत्रहरूसँग सम्बन्धित कार्य निरन्तर भैरहेको।

४. मिति 2081/10/28 देखि 2081/10/30 गते सम्म श्री अग्रवाल सेक्यूरिटिज प्रा. लि., बुटबल शाखा, श्री कामना सेवा विकाश बैंक लि., तुल्सिपुर शाखा, श्री ज्योति विकास बैंक लि., घोराही शाखा, र श्री आर्यतारा इन्भेष्टमेन्ट एण्ड सेक्युरीटिज प्रा. लि., घोराही शाखा ले प्रदान गर्ने निक्षेप सेवा सम्बन्धी स्थलगत सुपरिवेक्षण कार्य सम्पन्न गरी मिति 2081/11/15 मा प्रतिवेदन समेत पेश गरेको ।

**धितोपत्र दलाल तथा व्यापारी सुपरिवेक्षण शाखाको सुपरिवेक्षण/अनुगमन सम्बन्धी कार्यहरुको प्रगति विवरण ।**

- बोर्डबाट अनुमतिपत्र प्राप्त गरेका धितोपत्र दलाल व्यवसायीहरु तथा धितोपत्र व्यापारीको प्रबन्धपत्र नियमावली संशोधन, संस्थाको अध्यक्ष, संचालक समितिमा भएका परिवर्तन, कार्यकारी प्रमुख, आधिकारीक प्रतिनिधिको नियुक्ति तथा परिवर्तन, पुँजी वृद्धि, ठेगाना परिवर्तन, वार्षिक साधारण सभा तथा सभाको निर्णय, लेखापरिक्षकको नियुक्ति, वार्षिक प्रतिवेदन पेश गर्ने म्याद थप लगायतका बोर्डमा प्राप्त विवरण, सूचना तथा जानकारीको गैरस्थलगत सुपरिवेक्षण गरी कैफियत देखिएको अवस्थामा आवश्यक पत्राचार गरिएको ।
- बोर्डको स्वीकृत नीति तथा कार्यक्रममा १५ प्रतिशत धितोपत्र दलाल तथा व्यापारीको स्थलगत सुपरीवेक्षण गर्ने तय भए बमोजिम ३ धितोपत्र दलाल व्यवसायी र १ धितोपत्र व्यापारीको मुख्य कार्यलय तथा ७ धितोपत्र दलाल व्यवसायीको शाखा कार्यलयको स्थलगत निरिक्षण गरिएको ।
- आर्थिक वर्ष २०८०।८१ को चौंथो त्रैमासिक प्रतिवेदन समयासीमा भित्र पेश नगर्ने १ धितोपत्र दलाल व्यवसायी र दोस्रो अर्धवाषिक प्रतिवेदन समयासीमा भित्र पेश नगर्ने ३ धितोपत्र दलाल व्यवसायीलाई समयासिमा भित्र प्रतिवेदन पेश नगरेको सम्बन्धमा पत्राचार गरी प्रतिवेदन पेश नगर्नुको कारण माग गरिएकोमा कम्पनीहरुले बोर्डको पत्रको जवाफ पेश गरेको ।
- आर्थिक वर्ष २०८१।८२ को पहिलो त्रमासिक प्रतिवेदन समयासीमा भित्र पेश नगर्ने १ धितोपत्र दलाल व्यवसायीपलाई समयासिमा भित्र प्रतिवेदन पेश नगरेको सम्बन्धमा पत्राचार गरी प्रतिवेदन पेश नगर्नुको कारण माग गरिएकोमा कम्पनीहरुले बोर्डको पत्रको जवाफ पेश गरेको ।
- आर्थिक वर्ष २०८०।८१ को धितोपत्र दलाल तथा व्यापारीको लेखापरिक्षण प्रतिवेदन पेश गर्न ४२ वटा धितोपत्र दलाल व्यवसायी र १ धितोपत्र व्यापारी लाई प्रतिवेदन पेश गर्न समयासीमा पुष मसान्तसम्म म्याद थप गरि पत्राचार गरिएकोमा कम्पनीहरुले बोर्डको पत्रको जवाफ पेश गरेको ।
- धितापृत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली २०६४ को नियम १० को उपनियम (१) मा धितोपत्र दलाल तथा धितोपत्र व्यापारी ले अनुसूचि ९ बमोजिमको न्यूनतम चुँक्ता पूँजी राख्नुपर्नेछ भन्ने सम्बन्धमा ३८ धितोपत्र दलाल व्यवसायीलाई सो सम्बन्धी कार्ययोजना पेश गर्न पत्राचार गरिएकोमा कम्पनीहरुले बोर्डको पत्रको जवाफ पेश गरेको ।
- आर्थिक वर्ष २०८०।८१ को नियमन शुल्क समयासीमा भित्र पेश नगर्ने १ धितोपत्र दलाल व्यवसायीलाई समयसीमा भित्र नियमन शुल्क पेश नगरेको सम्बन्धमा पत्राचार गरी प्रतिवेदन पेश नगर्नुको कारण माग गरिएकोमा कम्पनीले सो नियमन शुल्क बुझाई भविष्यमा तोकिएको समय अवधि भित्र पेश गर्ने जानकारी गरेको ।
- दुई (२) धितोपत्र दलाल व्यवसायीलाई धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली २०६४, नियम १६ बमोजिम विवरण तोकिए बमोजिम नदेखिएकोले सो सम्बन्धमा उक्त

नियमको पालना गर्न सम्बन्धित धितोपत्र व्यवसायीहरुलाई पत्राचार गरिएकोमा कम्पनीहरुले नियमानुसार गरी बोर्डमा जवाफ पेश गरेको ।

- सम्पूर्ण धितोपत्र दलाल व्यवसायीलाई कम्पनी रजिष्ट्रार कार्यलयबाट अभिलेख गरिएको अद्यावधिक शेयर तथा सञ्चालक लगतको प्रमाणित प्रतिलिपि पेश गर्न पत्राचार गरिएकोमा कम्पनीहरुले बोर्डको पत्रको जवाफ पेश गरेको र सो विवरण अद्यावधिक गर्ने कार्य भैरहेको ।
- बोर्डले धितोपत्र दलाल व्यवसायी तथा धितोपित्र व्यापारीबाट प्राप्त गर्ने नियमन शुल्क यकिन गर्ने सम्बन्धमा नेपाल स्टक एक्सचेन्ज लि. लाई तोकिएको ढाँचामा विवरण पेश गर्न पत्राचार गरिएकोमा उक्त लि.ले बोर्डको पत्रको जवाफ पेश गरेको ।
- धितोपत्र दलाल व्यवसायीको RBS Framework विकास गर्ने सम्बन्धमा Toronto Center ले आयोजना गर्दै आएको अर्न्तकृया तथा तालिम कार्यक्रममा सहभागी भई जोखिममा आधारित सुपरीवेक्षण फेमवर्कको विकास गरि बोर्डमा पेश गरिएको ।
- धितोपत्र दलाल व्यवसायी, धितोपत्र व्यापारी तथा बजार सहभागीहरुको लागि वित्तीय लगायतका विवरण पेश गर्ने सम्बन्धमा ICAN सँगको समन्वय तथा सहयोगमा तयार भएको Reporting Format लागू गर्ने सन्दर्भमा Audit Committee मा छलफलको कममा रहेको ।

**मर्चेन्ट बैंकर, क्रेडिट रेटिङ्ग तथा आश्वा सदस्य सुपरिवेक्षण शाखा अन्तर्गत भएमा कार्यहरु :**

**१. स्थलगत सुपरीवेक्षण**

| क्र.सं. | विवरण | कुल संख्या | स्थलगत सुपरिवेक्षण भएको संख्या |
|---|---|---|---|
| १. | मर्चेन्ट बैंकर | ३१ | १ वटा |
| २. | क्रेडिट रेटिङ्ग | ३ | १ वटा |

**२. गैरस्थलगत सुपरीवेक्षण**

| **क्र.सं.** | **विवरण** | **कुल संख्या** | गैरस्थलगत सुपरिवेक्षणको अवस्था |
|---|---|---|---|
| १ | मर्चेन्ट बैंकर | ३१ | निरन्तर भइरहेको |
| २ | क्रेडिट रेटिङ्ग | ३ | निरन्तर भइरहेको |

**सामुहिक तथा बिशिष्टिकृत लगानी कोष सुपरिवेक्षण शाखा**

| | | |
|---|---|---|
| १. | **सञ्चालनमा रहेको सामुहिक लगानी कोषको सुपरिवेक्षण** | |
| | गैरस्थलगत सुपरिवेक्षण भएको सामुहिक लगानी कोष | १५ वटा |
| | स्थलगत सुपरिवेक्षण भएको सामुहिक लगानी कोष | नभएको |
| २. | **सञ्चालनमा रहेको विशिष्टीकृत लगानी कोषको सुपरिवेक्षण** | |
| | गैरस्थलगत सुपरिवेक्षण भएको विशिष्टीकृत लगानी कोष | ११ वटा |
| | स्थलगत सुपरिवेक्षण भएको विशिष्टीकृत लगानी कोष | नभएको |

**धितोपत्र कारोबार तथा वस्तुबजार सुपरिवेक्षण शाखा अन्तर्गत भएका कार्यहरु:**

**सूचीकृत संगठित संस्था सुपरिवेक्षण शाखा**

- आ.ब. २०८०।८१ को अन्त्य सम्ममा बोर्डमा धितोपत्र दर्ता गरी नेपाल स्टक एक्स्चेन्ज मा सूचीकृत भई सक्रिय रुपमा कारोबार गरिरहेका २४५ संगठित संस्थाहरु मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) बमोजिम आ.ब. २०८०।८१ को बार्षिक प्रतिवेदन समयमा बुझाउने संस्था ४६, ढिला बुझाउने संस्था १०६ र नबुझाउने संस्था ९३ रहेका ।
- आ.ब. २०८१।८२ को दोश्रो त्रैमासको अन्त्य सम्ममा बोर्डमा धितोपत्र दर्ता गरी नेपाल स्टक एक्स्चेन्ज मा सूचीकृत भई सक्रिय रुपमा कारोबार गरिरहेका २४५ संगठित संस्थाहरु मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) बमोजिम आ.व. २०८१।८२ को दोश्रो त्रैमासिक विवरण बोर्डमा समयमा बुझाउने २१८ संस्था, ढिला बुझाउने १२ संस्था र नबुझाउने १५ संस्था रहेका । कानूनी व्यवस्था अनुसार तेश्रो त्रैमासको विवरणहरु बुझाउने समय बाँकी रहेकोले उक्त त्रैमासको विवरणहरु बोर्डमा प्राप्त भईनसकेको ।

**सम्पत्ति शुद्धीकरण निवारण शाखा**

- बोर्डले तर्जुमा गरेको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा धितोपत्र व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल, २०७७ बमोजिम तयार गरिएको Risk Matrix को आधारमा सूचक संस्थाहरुको स्थलगत तथा गैरस्थलगत सुपरिवेक्षण भईरहेको । यस अवधिमा ८ वटा सूचक संस्थाको स्थलगत सुपरिवेक्षण गरिएको ।
- आतङ्ककारी कार्य, आमविनाशका हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी रोक्न सूचना प्रवाह, नियमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाउन समिक्षाल अवधिमा Targeted Financial Sanction (TFS) Guidelines तयार गरि लागु गरिएको ।
- सूचक संस्थामा उल्लेख्य स्वामित्व भएका व्यक्ति र व्यवस्थापन तहका पदाधिकारीको Fit and Proper Test लगायत वास्तविक धनी पहिचान र अनुगमनको लागि विस्तृत निर्देशन/मार्गदर्शन मस्यौदा तयार गरी छलफलको क्रममा रहेको ।

- नेपाल राजपत्रमा मिति २०८१।०९।१८ (संख्या ४५) भाग ५ मा प्रकाशित नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना १ बमोजिम नेपाल सरकारले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७न. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी समन्वय समितिको सिफारिसमा पाँच करोड रुपैयाँ वा सोभन्दा बढी चुक्ता पुँजी वा दश करोड रुपैयाँ वा सोभन्दा बढी कारोबार भएका इन्भेष्टमेन्ट कम्पनीको हकमा बोर्डलाई नियमनकारी निकाय तोक्ने निर्णय भएको सन्दर्भमा उक्त इन्भेष्टमेन्ट कम्पनीलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१ को नियम २० को व्यवस्था बमोजिम बोर्डमा सूचिकृत हुन प्रथम पटक मिति २०८१।११।२३ को सूचता मार्फत सूचित गरिएको ।

**नीति अनुसन्धान तथा सूचना प्रविधि महाशाखा अर्न्तगतका कार्यहरु:**

**नीति अनुसन्धान तथा योजना शाखा**

१. बोर्डको आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र सोको कार्यान्वयन योजना तयार गरी लागू गरिएको ।
२. बोर्डको आर्थिक बर्ष २०८०/८१ को बार्षिक प्रतिवेदन तयार गरी बोर्ड समक्ष जानकारी गराइ छपाइ तथा प्रकाशनका लागि प्रेषित गरिएको ।
३. दोस्रो वित्तीय क्षेत्र विकास रणनीति (२०८१/८२ – २०८५/८६) को पूँजी बजारसम्बन्धी कार्य योजना तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालय पेश गरिएको ।
४. मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) संग सम्बन्धित धितोपत्र बजार सम्बन्धी सुधार तथा विकास मुद्दा र प्रगति विवरण तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालयमा पेश गरिएको ।
५. Financial Stability Report, 2024 मा धितोपत्र बजारसम्बन्धी बिषय समावेश गर्न प्रतिवेदन तयार गरी नेपाल राष्ट्र बैंक समक्ष पेश गरिएको ।
६. सूचीकृत संगठित संस्थाले प्रिमियम मुल्यमा जारी गरेको धितोपत्रको सार्वजनिक निष्काशनबाट प्राप्त प्रिमियम रकमको लेखाङ्कन तथा खर्चसम्बन्धी कानूनी व्यवस्थाका सम्बन्धमा अध्ययन गरी अध्यक्षसमक्ष पेश गरिएको ।
७. वैकल्पिक विकास वित्त परिचालन सम्बन्धमा व्यवस्था गर्न तर्जुमा गरिएको विधेयकमा बोर्डको राय-सल्लाह तथा सुझाव तयार गरी नेपाल सरकार अर्थ मन्त्रालय समक्ष पेश गरिएको ।
८. विद्युतिय विधेयक, २०८० मा जलविद्युतमा जनताको लगानी सुरक्षा सम्बन्धमा राय सल्लाह उपलब्ध गराई सो सम्बन्धमा भएको छलफल संघीय संसद प्रतिनिधि सभा पूर्वाधार विकास समिति र अन्य सम्बद्ध पक्षहरूबीच मिति २०८१/०९/२८ र २९ मा आयोजित छलफल तथा अन्तक्रिया कार्यक्रममा जनताको लगानी सुरक्षा सम्बन्धमा प्रस्तुतीकरण समेत गरिएको ।

९. नेपाल धितोपत्र बोर्ड र त्रिभुवन विश्वविद्यालय व्यवस्थापन केन्द्रीय विभाग बीच नीतिगत अध्ययन लगायतका बिषयमा सहकार्य गर्ने गरी सम्झौता (Memorandum of Understanding – MoU) सम्पन्न भएको।

१०. नेपाल सरकारको आ.व. २०८१/८२ को आर्थिक सर्वेक्षणमा पूँजी बजारसम्बन्धी प्रगति विवरण समावेश गरी आवश्यक सूचना तथा विवरण उपलब्ध गराएको।

११. बागमती प्रदेश सरकारको आ.व. २०८१/८२ को आर्थिक सर्वेक्षणमा पूँजी बजारसम्बन्धी प्रगति विवरण समावेश गरी आवश्यक सूचना तथा विवरण उपलब्ध गराएको।

१२. नेपाल सरकारको आ.व. २०८२/८३ को बार्षिक नीति तथा कार्यक्रमका लागि पूँजी बजारका बिषयहरू समावेश गरी सुझावहरू पेश गरिएको।

१३. नेपाल सरकारको आ.व. २०८२/८३ को बार्षिक वित्त नीति (बजेट) का लागि पूँजी बजारका बिषयहरू समावेश गरी सुझावहरू पेश गरिएको।

## सूचना प्रविधि शाखा

- बोर्डका कर्मचारीहरुको जीवन बीमाको विवरण संकलन गर्ने तथा बोर्डमा रहेका कर्मचारीहरुका सम्पर्क नम्बर, एक्टेन्सन नम्बर अध्यावधिक गर्ने, चेक प्रिन्ट गर्ने, बोर्डको वेबसाइटलाई मोबाइल भर्जनमा रुपान्तरण सम्बन्धी सफ्टवेयर शाखाबाट आन्तरिक रुपमा बिकाश गरिएको।
- आ.प्र., खुला तथा समावेशीतर्फको दरबन्दीहरुमा अनलाइन मार्फत दरखास्त दिन सक्ने Online Recruitment Management System को Terms of Reference (ToR) बनाइ खरिद गरि सुचारु गरिएको।
- AI Chatbot पूर्ण रुपमा सफ्टवेयर बनिसकेको भएतापनि बोर्डमा आवश्यक पूर्वाधारको अभावले त्यसलाई LIVE गर्न नसकिरहेकोमा सोको व्यवस्थाका निर्णय भई खरिद प्रक्रियामा रहेको।
- बजारसंग सम्बन्धित सबै गुनासो बोर्डमा दर्ता हुने र सोको समाधान सम्बन्धित सबै सरोकारवाला समक्ष पुर्याउन केन्द्रिकृत गुनासो समाधान प्रणाली Central Grievance Handling System (CGHS) बिकाश गर्न आवश्यक Terms of Reference (ToR) तयार गरि खरिद इकाई मार्फत खरिद कार्य अगाडि बढेको।
- Accounting and Payroll System सम्बन्धी बोर्डको प्रशासन शाखा, लेखा शाखा र सुचना प्रविधि शाखाका सदस्य रहने गरि एक समिति गठन भई उक्त समितिबाट आवश्यक अध्ययन कार्य भई Need Assesment Report अध्यक्ष समक्ष बुझाइसकेको।
- EDR/FIM को स्पेसिफिकेसन तयार गरि खरिद इकाई मार्फत खरिद कार्य अगाडि बढाइएको।

- बोर्डको वेवसाईट पुनर्संरचनाका लागि सेवा खरिद गर्ने सम्वन्धमा बोर्डका विभिन्न बिभाग, महाशाखा तथा शाखाहरुसँग समन्वय गराई आवश्यकता अनुसार Terms of Reference (ToR) तयार गरि अध्यक्षज्यूबाट टिप्पणी स्वीकृत गरि खरिद प्रक्रियाका लागि व्यवस्थापन महाशाखामा पठाइसकिएको ।
- त्यस्तै सूचना प्रविधि शाखा अन्तर्गतका नियमित कार्यहरु जस्तै वेबसाइट अपडेट, टेक्निकल रिसर्च, बोर्डका प्राविधिक कार्यमा सपोर्ट, बोर्डबाट खरिद गरिने विभिन्न सिस्टम तथा सूचना प्रविधिको सामानहरुका Terms of Reference (ToR) तथा स्पेसिफिकेसन बनाउने जस्ता कार्यहरु भइरहेको ।

## तलिम, प्रशिक्षण तथा वित्तीय साक्षरता महाशाखा अन्तर्गतका कार्यहरु:

### तालिम, प्रशिक्षण तथा प्रमाणिकरण शाखा

- मिति २०८१।१०।२७ मा प्रमाणिकरण नियमावली मस्यौदा समितिको बैठक बसी नियमावलीको मस्यौदा सम्बन्धमा छलफल भएको ।

### वित्तीय साक्षरता प्रवर्द्धन शाखा

**कार्यक्रम विवरण**

| क्र.सं. | मिति | कार्यक्रम गर्ने संस्था /कार्यक्रमको विवरण | कार्यक्रम संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | २०८१/१०/०९ | बोर्डको स्वीकृत कार्यक्रम अनुसार गण्डकी प्रदेशमा रहेका आर्थिक पत्रकारहरुसँग कास्कीको पोखरामा अन्तरक्रिया तथा तालिम कार्यक्रम संचालन गरिएको । | १ वटा | बोर्डको प्रशिक्षक/प्रतिनिधि |
| २. | २०८१/१०/१० देखि २०८१/१०/१५ सम्म | बोर्डको स्वीकृत कार्यक्रम अनुसार गण्डकी प्रदेशमा रहेका तीन जिल्ला तनहुँ, लम्जुङ्ग र गोरखामा पुँजी बजार साक्षरता तथा लगानीकर्ता सचेतना कार्यक्रम संचालन गरिएको । | ६ वटा | बोर्डको प्रशिक्षक/प्रतिनिधि |
| ३. | २०८१/११/०२ | बोर्डको स्वीकृत कार्यक्रम अनुसार लुम्विनी प्रदेशमा रहेका आर्थिक पत्रकारहरुसँग दाङको भालुवाङ्गमा अन्तरक्रिया तथा तालिम कार्यक्रम संचालन गरिएको । | १ वटा | बोर्डको प्रशिक्षक/प्रतिनिधि |
| ४. | २०८१/११/०४ | बोर्डको स्वीकृत कार्यक्रम अनुसार सुदुपश्चिम प्रदेशमा रहेका आर्थिक पत्रकारहरुसँग कैलालीका धनगढीमा अन्तरक्रिया तथा तालिम कार्यक्रम | १ वटा | बोर्डको प्रशिक्षक/प्रतिनिधि |

| | | | | |
|---|---|---|---|---|
| | | संचालन गरिएको । | | |
| ५. | २०८१/११/०५ देखि २०८१/११/१० सम्म | बोर्डको स्वीकृत कार्यक्रम अनुसार लुम्बिनी प्रदेश र सुदुर पश्चिम प्रदेशमा रहेका ४ जिल्ला कैलालि, दाङ, कपिलवस्तु र नवलपरासीमा पुँजी बजार साक्षरता तथा लगानीकर्ता सचेतना कार्यक्रम संचालन गरिएको । | ७ वटा | बोर्डको प्रशिक्षक/प्रतिनिधि |
| ६. | २०८१/११/१९ | बोर्डको स्वीकृत कार्यक्रम अनुसार कर्णाली प्रदेशमा रहेका आर्थिक पत्रकारहरुसँग सुरखेतको विरेन्द्रनगरमा अन्तरक्रिया तथा तालिम कार्यक्रम संचालन गरिएको । | १ वटा | बोर्डको प्रशिक्षक/प्रतिनिधि |
| ७. | २०८१/११/१८ देखि २०८१/११/२५ सम्म | बोर्डको स्वीकृत कार्यक्रम अनुसार कर्णाली तथा लुम्बिनी प्रदेशमा रहेका पाँच जिल्ला बाँके, सुरखेत, दैलेख, जुम्ला र मुगुमा पुँजी बजार साक्षरता तथा लगानीकर्ता सचेतना कार्यक्रम संचालन गरिएको । | ५ वटा | बोर्डको प्रशिक्षक/प्रतिनिधि |
| ८ | २०८१/१२/६ देखि २०८१/१२/१० सम्म | ग्लोबल मनि विक को अवसरमा बोर्डको आयोजनामा, नेप्से, सिडिएससी, क्याब्ल, लएभ्ब तथा स्थानियक क्याम्पसको समन्वयमा सातै प्रदेशका विभिन्न जिल्लामा धितोपत्र बजार सम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको । | २० वटा | बोर्डको प्रशिक्षक/प्रतिनिधि |

## ११.सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बर :

**प्रमुख**
श्री सन्तोष नारायण श्रेष्ठ
अध्यक्ष
सम्पर्क नं.१-५५४१०५७, ५५५०५११

**सुचना अधिकारी**
श्री शिलु प्रधान
निर्देशक
सम्पर्क नं ०१-५५४१०५७, ५५५०५११

## १२. ऐन नियम विनियम र निर्देशिकाको सूची :

- **ऐनहरु**

  क. धितोपत्र सम्बन्धी ऐन, २०६३

  ख. वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४

- **धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी नियमावलीहरु**

  क. नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४

  ख. धितोपत्र बजार संचालन नियमावली, २०६४

  ग. धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४

  घ. धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४

  ङ. सामूहिक लगानी कोष नियमावली, २०६७

  च. धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७

  छ. क्रेडिट रेटिङ्ग नियमावली, २०६८

  ज. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३

  झ. वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४

  ञ. धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५

  ट. विशिष्टीकृत लगानी कोष नियमावली, २०७५

  ठ. नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६

  ड. नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४

- **निर्देशिकाहरु**

  क. लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट) सम्बन्धी निर्देशिका, २०६७

  ख. सामूहिक लगानी कोष निर्देशिका, २०६९

  ग. धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३,

  घ. धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४

  ड. सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७४

  च. धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा कार्य संचालन निर्देशिका, २०७४

  छ. सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तिय लगानी निवारण निर्देशिका, २०७४

  ज. बुक बिल्डिङ्ग निर्देशिका, २०७७

  झ. धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्ने सम्बन्धी निर्देशिका, २०७९

  ञ. धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९

  ट. धितोपत्र बजार सञ्चालनका लागि संगठित संस्था स्थापना गर्न बोर्डबाट सिफारिस प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७९

  ठ. वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रकृयागत व्यवस्था सम्बन्धी निर्देशिका, २०७८

- **विनियमावलीहरु**

  क. सरकारी ऋणपत्रको दोस्रो बजार व्यवस्थापन विनियमावली, २०६२

ख. सरकारी ऋणपत्रको दोस्रो बजार कारोबार संचालन विनियमावली, २०६२
ग. धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८
घ. धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली २०६९
ङ. धितोपत्र सूचीकरण विनियमावली, २०७५
च. धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५

*माथी उल्लेखित भएको ऐन, नियम, विनियम र निर्देशिकाहरु बोर्डको वेवसाईटमा समेत राखिएको छ ।*

## १३.आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण :

**नेपाल धितोपत्र बोर्ड**
**खुमलटार, ललितपुर**
**वित्तीय स्थितिको विवरण**
**३१ चैत्र, २०८१ (अपरिष्कृत)**

*(रकम रुपैयाँमा)*

| विवरण | ३१ चैत्र, २०८१ (अपरिष्कृत) | ३१ आषाढ, २०८१ |
|---|---|---|
| **सम्पत्ति** | | |
| **गैर चालू सम्पत्ति** | | |
| स्थिर सम्पत्ति | ४४,३१६,३२९ | ४२,४१८,१९२ |
| अदृश्य सम्पत्ति | १,११०,८९९ | १,२५३,५२० |
| सम्पत्ति खरिदको अग्रिम भुक्तानी | ४२५,६००,००० | ४२५,६००,००० |
| **वित्तीय सम्पत्ति** | | |
| लगानी | २७,२८५,००० | २७,२८५,००० |
| कर्जा तथा पेश्की | ८०,२५५,०८० | ६६,८०२,०२७ |
| धरौटी | ५४,३२१ | ५४,३२१ |
| कर्मचारी सुविधाको अग्रिम भुक्तानी | २०,२५०,८६५ | २०,२५०,८६५ |
| स्थगन कर सम्पत्ति | ५९,८५६,७११ | ५८,२५५,४७९ |
| **कुल गैर चालु सम्पत्ति** | **६५८,७२९,२०४** | **६४१,९१९,४०४** |
| **चालु सम्पत्ति** | | |
| **वित्तीय सम्पत्ति** | | |
| प्राप्त गर्नुपर्ने आम्दानी | ३४,९६३ | १३५,०१७,६५५ |
| अन्य वित्तिय सम्पत्ति | २,९७८,०००,००० | २,४८०,०००,००० |
| अग्रीम भुक्तानी तथा पेश्की | ४१५,२९५,३०२ | ८४,०२९,०२५ |
| नगद र नगद सरह मौज्दात | १६२,५३९,१७४ | १६८,९४२,१०३ |
| **कुल चालु सम्पत्ति** | **३,५५५,८६९,४३९** | **२,८६७,९८८,७८४** |

| | | |
|---|---|---|
| कुल सम्पत्ति | ४,२१४,५९८,६४३ | ३,५०९,९०८,१८८ |
| **कोष तथा दायित्व** | | |
| अक्षय कोष | १,५०६,000,000 | १,५०६,000,000 |
| अन्य कोषहरु | २,१३७,८१५,५४१ | १,६९८,५३२,६०९ |
| **कोष तथा जगेडा** | ३,६४३,८१५,५४१ | ३,२०४,५३२,६०९ |
| **दायित्व** | | |
| **गैर चालू दायित्व** | | |
| परिभाषित कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य | २०७,७२७,२७१ | १६५,५६३,५३० |
| गैर वर्तमान लीज दायित्व | १५,३००,४५० | १५,३१०,०२० |
| **कुल गैर चालु दायित्व** | २२३,०२७,७२२ | १८०,८७३,५५० |
| **चालु दायित्व** | | |
| परिभाषित कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य | ९,५९६,९१६ | ८,७१३,८७० |
| चालु लीज दायित्व | १४,००१,०४१ | ८,९७६,४०८ |
| आयकर व्यवस्था र अन्य कर दायित्व | ३१९,२१६,९२७ | १,२७२,३८४ |
| अन्य चालु दायित्व | ४,९४०,४९६ | १०५,५३९,३६७ |
| **कुल चालु दायित्व** | ३४७,७५५,३८१ | १२४,५०२,०२९ |
| **कुल दायित्व** | ५७०,७८३,१०२ | ३०५,३७५,५७९ |
| **कुल कोष तथा दायित्व** | ४,२१४,५९८,६४३ | ३,५०९,९०८,१८९ |

## नेपाल धितोपत्र बोर्ड
## खुमलटार, ललितपुर
## नाफा वा नोक्सानको विवरण
## २०८१ श्रावण देखि २०८१ चैत्र मसान्तसम्मको (अपरिष्कृत)

*(रकम रुपैयाँमा)*

| विवरण | २०८१।८२ (अपरिष्कृत) | २०८०।८१ |
|---|---|---|
| धितोपत्र बजारबाट आम्दानी | ६३८,०२८,४८१ | ६४७,९८७,६९४ |
| अन्य आम्दानी | १०४,६०२,५५३ | २४९,९००,२०० |
| कुल आम्दानी | ७४२,६३१,०३४ | ८९७,८८७,८९४ |
| कर्मचारी खर्च | ११०,८८४,३६० | २३०,१०५,३८३ |
| अन्य संचालन खर्च | ७०,६४२,७९७ | ५७,९६०,०५७ |
| ह्रास कट्टि खर्च | ४,४८६,९७६ | १६,८००,९१२ |
| **संचालनबाट नाफा/बचत** | ५५६,६१६,९०१ | ५९३,०२१,५४२ |
| वित्त लागत | - | १,३७७,२६३ |
| आयकर अधिको नाफा/बचत | ५५६,६१६,९०१ | ५९१,६४४,२७९ |

| | | |
|---|---|---|
| आयकर व्यवस्था | | |
| चालु आयकर | १३९,१५४,२२५ | १७९,५३०,५६५ |
| स्थगन कर खर्च/(आम्दानी) | | (१२,२४५,३४९) |
| संचालनबाट नाफा/बचत | ४१७,४६२,६७६ | ४२४,३५९,०६३ |
| आयकर पछिको गैर संचालन नाफा र नोक्सान | | |
| यस वर्षको खुद नाफा/बचत | ४१७,४६२,६७६ | ४२४,३५९,०६३ |

**नोट:**
बाह्य लेखापरिक्षकले वित्तीय विवरणमा थपघट गर्न निर्देशन दिएमा माथिको वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।

## १४. अघिल्लो आर्थिक वर्षमा बोर्डले आयोजना गरेको कार्यक्रमको विवरण:

बोर्डको आयोजनामा भएको प्रमुख कार्यक्रमहरु देहाय बमोजिम रहेको छ ।

- लगानीकर्ता प्रशिक्षण सम्बन्धि विविध कार्यक्रमहरु सञ्चालन गरिएको ।
- बोर्डको ३२औ बार्षिकोत्सव २०८१।०२।२५ गते राजस्व सचिव ज्यूको प्रमुख आतित्थयमा आयोजना गरिएको । सो अवसरमा बोर्ड अध्यक्षबाट बोर्डका काम कारवाहीका र भावि प्राथमित्तका सम्बन्धमा भनाई राख्नु भएको थियो । साथै सोही अवसरमा नेपाल धितोपत्र बोर्ड बार्षिकोत्सव लेख विशेषाङ्को समेत बिमोचन गरिएको थियो ।
- आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम माथि सुझाव तथा राय संकलनका लागि सम्बन्धित क्षेत्रका विज्ञहरुसंग छलफल तथा अन्तर्क्रिया कार्यक्रम संचालन गरिएको ।

## १५. बोर्डको वेभसाईटको विवरण :

www.sebon.gov.np

## १६. बोर्डको सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण :

- नेपाल धितोपत्र बोर्ड समाचार
- सेबोन जर्नल
- Quarterly Indicators
- वार्षिक प्रतिवेदन (अंग्रेजी तथा नेपाली)
- नेपाल धितोपत्र बोर्ड एक परिचय
- धितोपत्र बजार तथा वस्तु बजारबारे बारबार सोधिने प्रश्नहरु
- पूँजी बजारसम्बन्धी साक्षरता
- नेपाल धितोपत्र बोर्ड एक परिचय संक्षिप्तमा
- प्रादेशिक प्रोफाइल
- ३१औं बार्षिकोत्सव बिषेशाङ्क

- आवश्यकत्ता अनुसार समाचार तथा सूचनाहरु बिभिन्न राष्ट्रिय दैनिक एवं अन्य पत्रपत्रिका तथा अनलाईन पोर्टलहरुमा प्रकाशन हुने गरेको ।

## १७. अन्य विवरण :

धितोपत्र बोर्डको सम्पर्क ठेगाना तथा टेलिफोन नम्बरहरु:
नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर
पो.बं.नं. ९०३१,
फोन नं. ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७ फ्याक्स नं. ००९७७-१-५५४१०५८
टोल फ्रि नं.१६६००१४४३३
इमेल: support@sebon.gov